नेपाल सरकार, उद्योग विभागबाट इजाजत पत्र प्राप्त र कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

तानसेन सिमेन्ट

# पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेड
# Palpa Cement Industries Limited

**रजिष्टर्ड कार्यालय :** का.म.न.पा. वडा नं. ११, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, नेपाल
**उद्योग रहेको स्थान :** सुनुवल, आदर्श ७, नवलपरासी
फोन नं. +९७७-१४१०१६९५/+९७७-१४१०१६८६, इमेल: info@rmcnepal.com वेभसाइट: www.tansencement.com

## उद्योग प्रभावित क्षेत्र र खानी प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेडले आफ्नो जारी पूँजी रु. ३,७५,००,००,०००/- को २०% अर्थात् रु. ७५,००,००,०००/- रकम बराबरको रु. १००/- अंकित दरको ७५,००,००० कित्ता साधारण शेयर सर्वसाधारणलाई छुट्याइएको मध्ये उद्योग प्रभावित क्षेत्र पश्चिम नवलपरासी (साविकको नवलपरासी जिल्ला), खानी रहेको क्षेत्र पाल्पा जिल्ला र रुपन्देही जिल्लाको देवदह नगरपालिकाको स्थानिय बासिन्दाहरुलाई जारी पूँजीको ५% अर्थात रु. १८,७५,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरको १८,७५,००० साधारण शेयरहरुको मिति २०८२ पौष २५ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आवेदकहरुबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८२ माघ ११ गते (बैंकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२ माघ ११ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, संकलन केन्द्रहरु, नियमन निकायहरु तथा सम्बन्धित सबैमा धन्यवाद ज्ञापन गर्दछौं ।

| | |
|---|---|
| **दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या : १० कित्ता** | **दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १,००,००० कित्ता** |

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने**

**नेटवर्थ सम्बन्धी विवरण:**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | आ.व. ०८४/८५ |
| प्रति शेयर नेटवर्थ रु. | १३०.१३ | १३२.४९ | १३५.७४ | १३५.९६ | १४४.२० | १५२.५६ |
| प्रति शेयर नेटवर्थ रु. (पुर्न:मुल्यांकन कोष बाहेक)* | ११४.०१ | ११६.३६ | ११९.६२ | १२३.०६ | १३१.३० | १३९.६६ |
| प्रति शेयर आम्दानी रु. | १.३१ | २.३४ | ३.२५ | ८.८० | ८.१४ | ८.२६ |
| जगेडा तथा कोषहरु (रु.हजारमा) | ९०३,८४७ | ९७४,५५१ | १,०७२,१९६ | १,३४८,५३३ | १,६५७,३८६ | १,९७१,०७५ |

* लेखापरिक्षकद्वारा प्रमाणित नेटवर्थ सम्बन्धी विवरण ।

| आयोजनाको नाम | नेट प्रेजेन्ट भ्यालु (NPV) | इन्टरनल रेट अफ रिर्टन (IRR) | साधारण लगानी फिर्ता हुने अवधि | डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि |
|---|---|---|---|---|
| पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | १,२९९.८७ करोड | १३.७८५ | ६ वर्ष ८ महिना | ९ वर्ष १२ महिना |

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड (Infomerics Credit Rating Nepal Ltd.) बानेश्वर हाईट, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८२ जेष्ठ २ गते [IRN BB+ (Is) [Double B Plus (Issuer)] प्रमाणपत्र प्राप्त गरेको छ । जसले Moderate risk of default regarding timely servicing of financial obligations. Such issuers carry moderate credit risk भन्ने जनाउंदछ । इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले "IRN AAA (Is)" देखि "IRN D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड "IRN AAA (Is) ले बलियो आधार जनाउँछ भने IRN D (Is) ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यस सम्बन्धी विवरण पत्रको दफा ग.२२ (ट) पृष्ठ ५५ उल्लेखि गरिएको छ ।

क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०८२/०२/०२ क्रेडिट रेटिङ्ग बहाल रहने मिति : २०८३/०१/२९

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

**नोट: स्थानीय बासिन्दाहरुलाई बाँडफाँडमा परेका शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन (३) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।**

**निष्काशन तथा बिक्री प्रबन्धक :**

**NABIL® INVESTMENT BANKING LTD.**
**(A Subsidiary of Nabil Bank Ltd.)**

**नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड**

तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोन: ४५११६०४, ४५११७३३
इमेल: info@nabilinvest.com.np, वेवसाइट: www.nabilinvest.com.np

मिति २०८२ माघ ११ गतेको नयाँपत्रिका दैनिकमा प्रकाशित गर्ने